# राष्ट्रिय मानव अधिकार आयोग

**हरिहरभवन, ललितपुर**

# पत्रकार भेटघाटपत्र

**वैशाख २१, २०७९**

**पत्रकार मित्रहरु,**

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारका उल्लंघनका घटना तथा राज्यका महत्वपूर्ण गतिविधिहरुको नियमित रुपमा मानव अधिकारको दृष्टिकोणबाट अनुसन्धान/अनुगमन गर्दै आइरहेको छ। यसै सन्दर्भमा २०७९ वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनको अनुगमन गर्न आयोगबाट भएका तयारी तथा हालसम्मको अनुगमनबाट प्राप्त तथ्यहरुको बारेमा सञ्चार माध्यममार्फत् सर्वसाधारण तथा सरोकारवालालाई जानकारी गराउने उद्देश्यले यहाँहरुलाई हामीले आज आयोगमा आमन्त्रण गरेका छौँ। हाम्रो निमन्त्रणा स्वीकार गरी उपस्थित हुनुभएका सबै सञ्चार माध्यम तथा पत्रकार मित्रहरुलाई हार्दिक स्वागत गर्दछु।

निर्वाचन मानव अधिकारमैत्री हुनुपर्दछ भन्ने मान्यतालाई आत्मसाथ गर्दै आयोगले विगतदेखि नै मानव अधिकारको दृष्टिकोणबाट निर्वाचनको अनुगमन गर्दै आएको हो। आयोगले विगतका निर्वाचनहरुको अनुगमन गरी प्राप्त भएका तथ्यका आधारमा नेपाल सरकार, निर्वाचन आयोग, राजनीतिक दल, निर्वाचन पर्यवेक्षक तथा सञ्चारकर्मीहरु समेतलाई विभिन्न सिफारिसहरु गर्दै आएको छ। आयोगले आसन्न २०७९ वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनको पनि देशव्यापी रुपमा अनुगमनको लागि तयारी गरिरहेको छ।

आयोगले स्थानीय तह निर्वाचनको निर्वाचनपूर्व, निर्वाचनअवधि र निर्वाचनपश्चात समेत गरी तीन चरणमा अनुगमन गर्ने छ। आयोगले गत वैशाख ११ र १२ गते उम्मेदवारी मनोनयनको क्रममा ३० वटा जिल्लामा पुगेर अनुगमन गरिसकेको छ। आयोगका माननीय अध्यक्ष तथा सदस्यहरुको नेतृत्वमा आयोगका सातवटै प्रदेशहरुमा उच्चस्तरीय अनुगमन टोलीद्धारा निर्वाचनपूर्वको अनुगमन हुनेछ। आयोगका माननीय सदस्य डा. सूर्य ढुंगेल मधेश प्रदेश, माननीय सदस्य मिहिर ठाकुर गण्डकी प्रदेश, माननीय सदस्य मनोज दुवाडी सुदूरपश्चिम प्रदेश र माननीय सदस्य लिली थापा नेतृत्वको टोली प्रदेश नम्बर १ को अनुगमनमा जाने कार्यक्रम छ। निर्वाचनका दिन समेत आयोगका अध्यक्ष, सदस्य तथा पूर्व पदाधिकारी सम्मिलित उच्चस्तरीय टोलीबाट निर्वाचनको अनुगमन हुनेछ। निर्वाचन अवधिमा आयोगले ४७ वटा अनुगमन टोली परिचालन गरी सातवटै प्रदेशका ७७ वटा जिल्लाहरुका मतदान केन्द्रहरुमा पुगेर स्थलगत अनुगमन गर्नेछ। निर्वाचन अवधिमा आयोगमा अनुगमन कन्ट्रोल रुम स्थापना गर्नुका साथै द्रुतत्तर सूचना संकलन तथा द्रुत अनुगमन टोलीको समेत व्यवस्था गर्ने छ।

आयोगले अनुगमनमा जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक समुदाय, किरियापुत्री, गर्भवती आदिको सहज पहुँच भए नभएको, मतदानकेन्द्रको उपयुक्तता, मतदानकेन्द्रको सुरक्षा प्रवन्ध, सुरक्षाकर्मी परिचालन तथा व्यवस्थापन, मतदाता शिक्षा, निर्वाचन प्रचारप्रसारमा बालबालिकाको प्रयोग, आचारसंहिताको पालना, निर्वाचन प्रचारप्रसारको क्रममा हुनसक्ने हिंसात्मक गतिविधि, पर्यवेक्षण गर्ने संघसंस्थाहरुको कार्य, निर्वाचनको निष्पक्षता, मतदानको गोपनीयता, महिलाहरुको सहभागिता, सुरक्षाकर्मी र मतदानमा खटिने कर्मचारीहरुको खानपान, र बसोबासको प्रवन्ध, मतगणनास्थलको सुरक्षा प्रवन्ध, मतगणना सम्बन्धी सूचना विधिको प्रयोगको अवस्था, मतगणनास्थलमा सुरक्षाकर्मी र पर्यवेक्षण गर्ने संस्थाहरुको उपस्थिति, विजय जुलुस शान्तिपूर्ण भए नभएको, अन्य दलको विरोध वा अवरोध भए नभएको अवस्था जस्ता विषयमा मानव अधिकारको संरक्षण र सम्बर्द्धनको कोणबाट अनुगमन गर्ने छ।

आयोगले आसन्न निर्वाचनका सन्दर्भमा निर्वाचन आयोग, निर्वाचन आयोगका पूर्व आयुक्तहरुसँग स्वच्छ, निष्पक्ष र भयरहित निर्वाचन सम्पन्न गर्ने सम्बन्धमा र नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी बल तथा राष्ट्रिय अनुसन्धान विभागका उच्चपदस्थ अधिकारीहरुसँग निर्वाचनमा शान्तिसुरक्षाको व्यवस्था सम्बन्धमा छलफल गरेको छ। यसैगरी आयोगले निर्वाचन पर्यवेक्षण गर्ने संस्था तथा पर्यवेक्षकहरुसँग समेत निर्वाचन अनुगमन तथा पर्यवेक्षण गर्दा ध्यान दिनुपर्ने पक्ष तथा आवश्यक सहकार्य र समन्वयको बारेमा छलफल गरेको छ। आयोगले राजननीतिक दलका घोषणापत्रमा मानव अधिकारका विषय समावेश गर्न,

उम्मेदवारीमा महिलाहरुको मानव अधिकारको दृष्टिकोणबाट समेत समानुपातिक समावेशी सहभागिता सुनिश्चितता गर्न तथा निर्वाचनलाई हिंसारहित र शान्तिपूर्ण बनाउन आह्वान गरेको छ ।

आयोगले आसन्न निर्वाचनको अनुमगनको सिलसिलामा निर्वाचन पूर्वको अनुगमन गर्दा निर्वाचनका लागि सरकारले शान्ति सुरक्षाको तयारी गरेको, निर्वाचन अधिकृतहरुले सर्वदलिय वैठक गराएको, राजनीतिक दलहरुले अचारसंहिताको पालनामा प्रतिबद्धता जनाएको र यदाकदा छिटफुट घटना र वादविवाद बाहेक शान्ति र उत्साहपूर्ण तवरले मनोनयन प्रक्रिया सम्पन्न भएको पाइयो । यद्यपि विगतको तुलनामा महिलाहरुको उम्मेदवारीमा कमी देखिनु, समावेशी समूहबाट कम उम्मेदवारले मनोनयन दर्ता गर्नु, कतिपय ठाउँमा मनोनयन दर्ता र चुनाव चिन्ह प्रदान गर्ने कुरामा सामान्य विवादहरु हुनु, मनोनयन दर्ताका क्रममा कतिपय स्थानमा भीडभाड देखिनु, मनोनयन दर्ता र प्रचारप्रसारका क्रममा कतिपय दलहरुले आफ्नो प्रतिबद्धता विपरीत आचारसंहिताको पालना नगरेको देखिनु, बालबालिकालाई जुलुसमा लैजानु, सीमान्तीकृत वर्गलाई लक्षित गरी मतदाता शिक्षाको प्रचारप्रसार नगर्नु र दलका नेताहरुले एक अर्काप्रति घृणायुक्त अभिव्यक्तिहरु दिनु जस्ता कमी कमजोरी देखिए ।

**पत्रकार मित्रहरु,**

आसन्न निर्वाचनलाई निष्पक्ष, धाँधलीरहित, शान्तिपूर्ण र मानव अधिकारमैत्री बनाउन नेपाल सरकार, निर्वाचन आयोग, राजनीतिक दल, मतदाता, नागरिक समाज र सञ्चार जगतलगायत सबै सर्वसाधारणको महत्वपूर्ण भूमिका हुन्छ । त्यसैले निर्वाचन आयोगले सबैलाई आचारसंहिताको पूर्ण परिपालना गराउन, पालना भए नभएको सम्बन्धमा प्रभावकारी अनुमगन गर्न, सूचना संप्रेषणलाई थप सबल बनाउन, दलहरुबाट तोकिएभन्दा बढी स्रोत र साधन खर्च हुन सक्ने संभावनालाई नियन्त्रण गर्न, सर्वसाधारणको पहुँच पुग्ने गरी मतदान केन्द्रहरु तोक्न, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, सुत्केरी, गर्भवतीलगायत असक्त असहाय मतदातालाई मतदान केन्द्रसम्म पुगी निर्वाध रुपमा मतदान गर्ने व्यवस्था मिलाउन आवश्यक छ। सरकारले शान्तिसुरक्षा लाई मजबुत बनाउनका साथै निर्वाचनलाई निष्पक्ष, धाँधलीरहित, शान्तिपूर्ण र मानव अधिकारमैत्री बनाउन निर्वाचन आयोगलाई सहयोग गर्नु पर्दछ । विश्वव्यापी रुपमा फैलिरहेको कोभिडको संभावित जोखिमप्रति पूर्व सतर्क रहन समेत म सरकारलाई अनुरोध गर्न चाहन्छु ।

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, भयरहित र निष्पक्षरुपमा सम्पन्न गरी नागरिकका नागरिक तथा राजनीतिक अधिकारहरुको पूर्ण सम्मान र संरक्षण गर्दै निर्वाचनलाई मानव अधिकारमैत्री बनाउन राजनीतिक दलहरुको विशेष भूमिका हुन्छ । निर्वाचन आयोगद्वारा जारी निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्न/गराउन, बालबालिकालाई निर्वाचन प्रचारप्रसार/जुलुस/सभा/सम्मेलन तथा भेलामा प्रयोग गर्ने, गराउने कार्य नगर्न, राजनीतिक विचार, आस्था, अभिव्यक्ति आदिको आधारमा द्वन्द्व सिर्जना नगरी शान्ति, सुव्यवस्था कायम राख्न, संयमित रहन तथा लोकतान्त्रिक मूल्य र मान्यताको अनुसरण गर्न, संविधानप्रदत्त विचार र अभिव्यक्तिको स्वतन्त्रतामा विश्वास गर्दै आफ्नो अभिव्यक्ति स्वतन्त्रताको उपयोग गर्दा अन्य व्यक्ति समुदाय वा दल समेतको स्वतन्त्रता र मर्यादाको सम्मान र रक्षा गर्न आवश्यक छ ।

अन्य दलका शान्तिपूर्ण सभा र्‍यालीहरुमा व्यवधान खडा गर्ने र विथोल्ने जस्ता अलोकतान्त्रिक गतिविधि नगर्न, निर्वाचन गतिविधिमा लैंगिक तथा समावेशीताका सवालमा संवेदनशील हुन र सहजीकरण गरी निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७ को कार्यान्वयन गर्नुका साथै निर्वाचनमा मतदान स्थल, मतदान केन्द्र, मतगणनास्थललाई लैङ्गिक तथा अपाङ्गता मैत्री बनाउन एवम् यस प्रकारका कार्यमा अरुलाई समेत सहयोग र प्रोत्साहित गर्न पनि आयोग राजनीतिक दलहरुलाई अनुरोध गर्दछ। निर्वाचनमा हुन सक्ने राज्यशक्तिको दुरुपयोग, पैसाको अत्यधिक प्रयोग तथा बाहुबलको प्रयोगबाट निर्वाचनलाई प्रभावित पार्न सक्ने संभावनातर्फ सबै सतर्क रहन आवश्यक छ ।

निर्वाचनमा खटाइएका कर्मचारी, सुरक्षाकर्मी तथा म्यादी प्रहरीहरुबाट मतदाता, पर्यवेक्षक र सर्वसाधारणलाई मर्यादित व्यवहार हुनु पर्दछ । साथै मतदानमा खटिने कर्मचारी, सुरक्षाकर्मी तथा म्यादी प्रहरीहरुको सेवा सुविधामा समेत ध्यान दिनु आवश्यक छ ।

सञ्चार माध्यमले पनि निर्वाचन सम्बन्धमा सही सूचना संप्रेषण गर्न आवश्यक छ। सर्वसाधारणले पनि सामाजिक सञ्जालको प्रयोग गर्दा मर्यादित र शिष्ट भाषाको प्रयोग गर्न तथा आफ्नो अधिकारको प्रयोग गर्दा अरुको मर्यादामा आँच आउने कार्य नगर्न तथा उत्साहपूर्ण रुपमा निर्वाचनमा भाग लिन, आफ्नो मतको सदूपयोग गर्न, स्वतन्त्र निष्पक्ष निर्वाचन गर्ने कुरालाई सहयोग गर्नु पर्दछ ।

अन्त्यमा, सञ्चार जगत हाम्रो अभिन्न अंग हो । आगामी दिनमा पनि सञ्चार जगत र आयोगको सहकार्यमा नै मानव अधिकारको सुनिश्चिचता हुने कुरामा हाम्रो विश्वास छ । हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनु भएका सबै सञ्चार माध्यम तथा सञ्चारकर्मी साथीहरुलाई धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।